# दरमखोला हाइड्रो इनर्जी लिमिटेड

# Daramkhola Hydro Energy Limited





## आठौ र नवौ वार्षिक साधारणसभाको वार्षिक प्रतिवेदन

आ.व. २०७९/८० र २०८०/८१

दरमखोला हाइड्रो इनर्जी लिमिटेड
सम्पर्क फोन नं.०१- ४२४६०४५
Email : daramkholahydroenergy@gmail.com ,Web site :daramkholahydro.com

# दरमखोला हाइड्रो इनर्जी लिमिटेड
## हाल कायम सञ्चालक समिति

| | | |
|---|---|---|
| <br>नर बहादुर पुन<br>अध्यक्ष | <br>हरि प्रसाद सापकोटा<br>सञ्चालक | <br>राम प्रसाद सापकोटा<br>सञ्चालक |
| <br>माधव प्रसाद खरेल<br>सञ्चालक | <br>नर बहादुर घर्ति<br>सञ्चालक | <br>रुपकलाल श्रेष्ठ<br>सञ्चालक |
| <br>इन्द्रमणि सापकोटा<br>सञ्चालक | <br>सालीकराम सापकोटा<br>सञ्चालक | <br>टिकाराम खरेल<br>सञ्चालक |
| <br>भवदत्त सुवेदी (भोजेन्द्र)<br>सञ्चालक | <br>गायत्रीदेवि शर्मा<br>सञ्चालक | <br>देवराज खरेल<br>कंपनी सचिव |

अनुसुची - १ परिशिष्ट (क)

**दफा ५(४) संग सम्बन्धित**

( कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्वन्धित)

**प्रतिनिधि नियुक्त गर्ने फारम (प्रोक्सी फारम)**

श्री सञ्चालक समिति,
दरमखोला हाइड्रो इनर्जि लिमिटेड
का.म.न.पा. , थपाथलि काठमाण्डौं ।

**विषयः प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको बारे ।**

....................जिल्ला........................... म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा न. ........ बस्ने म/हामी .... ............. ........................ले त्यस कम्पनीको २०८२ साल बैशाख महिना ३ गते बुधवार हुने वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि मेरो/हाम्रो प्रतिनिधित्व गरि भाग लिन .................... जिल्ला ............................ म.न.पा./ उ.म.न.पा./ न.पा./ गा.पा. वडा न. .........बस्ने त्यस कम्पनीका शेयर धनी ..........................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनयन गरि पठाएको छु/छौं ।

| प्रतिनिधि हुनेको | प्रतिनिधि नियुक्त गर्नेको |
|---|---|
| नाम : | नाम : |
| दस्तखत : | दस्तखत : |
| शेयर धनी नं. | शेयर धनी नं. |
| शेयर संख्या : | शेयर संख्या : |
| मिति : | मिति : |

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको प्रधान कार्यालयमा पेश गरिसक्नु पर्ने छ ।

..............................................................................................................................................................................

# दरमखोला हाइड्रो इनर्जि लिमिटेड

**का.म.न.पा. , थापाथलि, काठमाण्डा**

**प्रवेश पत्र**

शेयरधनीको नाम : .................................................................

शेयर धनी नं. .........................................................

कुल शेयर संख्या :...................................

शेयरधनीको सहि : .......................

सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ ।

.............................

कम्पनी सचिव

# दरमखोला हाइड्रो इनर्जी लिमिटेड
## विषय-सूची


| विवरण | पृष्ठ |
|---|---|
| आठौ र नवौ वार्षिक साधारणसभा सम्बन्धी सूचना/जानकारी | ३ |
| सञ्चालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य | ४ |
| भौतिक तथा आर्थिक अवस्था | ५ |
| भावि नीती तथा कार्ययोजन | १३ |
| संस्थागत सामाजिक उत्तरदायित्व | १५ |
| अन्य | १६ |


परियोजना स्थलको नक्सा



## आठौ र नवौ वार्षिक साधारण सभा सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिती :२०८१।१२।११
दोश्रो पटक प्रकाशित मिती :२०८१।१२।३०

**श्री शेयरधनी महानुभावहरु ।**

मिति २०८१ साल चैत्र महिनाको ५ गते बसेको यस **दरमखोला हाइड्रो इनर्जी लिमिटेड**को सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को संयुक्त वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापक तथा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.**बार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**

बार्षिक साधारण सभा हुने मिति : २०८२।०१।३ गते बुधवार

समय : दिउसो १२:३० बजे

स्थान : काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, अनामनगर, किम्ची रेष्टुरेष्ट एण्ड बैक्यूट ।

### २. छलफलका विषय

**(क) साधारण प्रस्तावहरु**

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात,नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।

(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्ती तथा अनुमोदन सम्बन्धमा ।

(६) विविध ।

**(ख) विशेष प्रस्तावहरु**

(१) कम्पनीको संचालक समितीमा नियम २७ बमोजिम संस्थापक समुहको संचालक पदको निर्वाचन गर्ने सम्वन्धमा ।

(२) कम्पनीको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रवन्धपत्रको दफा तथा र नियमावलीको नियम २ र नियम २७ मा संशोधन गर्ने सम्वन्धमा ।

(३) IPO संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

**(ग) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

# वार्षिक प्रतिवेदन

## सञ्चालक समितिको तर्फबाट आठौ र नवौ वार्षिक साधारणसभामा प्रस्तुत

## आ.व. २०७९/०८० र २०८०/८१ को बार्षिक प्रतिवेदन



आदरणीय शेयरधनी महानभावहरु ! दरमखोला हाइड्रो इनर्जि लिमिटेडको आठौ र नवौ वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण शेयरधनि महानुभावहरु, आमन्त्रित महानुभावहरु, संचालक समितिका सदस्य ज्यूहरु, सञ्चारकर्मी साथीहरु, सल्लाहकार तथा शुभचिन्तक महानुभावहरुमा र्कमचारी, कम्पनीको संचालक समितिको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु । यस कम्पनीको आ.व.२०७९/०८० र आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन लगायत आगामी कार्यकालका नीति तथा कार्यक्रम लगायत वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा आवश्यक अन्य वित्तीय विवरणहरू यस सभामा स्वीकृतिका लागि प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वार्षिक प्रतिवेदनको तथा वित्तीय विवरण अध्ययन पश्चात यहाँहरूबाट प्राप्त हुनेरचनात्मक सुझाव, सहयोग र सद्भावले कम्पनीको भावी कार्य योजना निर्माण तथा लक्ष्य प्राप्तिमा थप मद्दत पुग्ने छ भन्ने विश्वास लिएका छौं ।

**कम्पनीको संक्षिप्त परिचय :**

नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले निजी क्षेत्रका उद्यमीहरु मिलेर यस दरमखोला हाईड्रो इनर्जी लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२ साल पुस ०६ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भई सचांलन भएको कम्पनी  हो । स कम्पनीले अहिले बाग्लुङ्ग जिल्ला र गुल्मी जिल्लाको सीमाना भई बहने दरमखोलामा ९.६मे.वा. को जलविद्युत् आयोजना विकास गरेर निर्माण कार्य गरिरहेको छ । हाल यस कम्पनीमा ८६३ जना संस्थापक शेयरधनीहरु रहेका छन् । यस कम्पनीका संस्थापक शेयरधनीहरु विद्युत, बैंक/वित्तीय क्षेत्र, स्वास्थ्य, शैक्षिक क्षेत्र एवं व्यापार/व्यवसायको साथै व्यवस्थापन क्षेत्रमा लामो समयदेखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन् ।

आठौ र नवौ वार्षिक साधारण सभा समक्ष उपस्थित भएर वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा म सम्पूर्ण शेयरधनी महानुभावहरु, पर्यवेक्षक, तथा कर्मचारीहरुमा संचालक समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु । आयोजना निर्माणको प्रगती तथा आर्थिक विवरण तल उल्लेख गरिएको छ ।

## १. शेयर पुंजी सम्बन्धमा

कम्पनीले आफ्नो जारी पूँजी मध्ये ६३,५५,००० थान शेयर बापतको प्रति शेयर रु. १००/- का दरले जम्मा रकम रु.६३,५५,००,०००/- कम्पनीको संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको र बाँकी ३९,५०,००० थान शेयर सार्वजनिक निष्कासनका लागि नेपाल धितोपत्र वोर्डमा मिती २०८०/०५/०१ मा प्राथमिक सार्वजनिक शेयर निश्काशन गर्नका लागि आवेदन दिएको र हाल सर्म्पुण कानुनी प्रकृया पुरा गरि अन्तीम स्वकृतिमा रहेकोले सो पश्चात स्थानीय तथा सर्वसाधारणलाई जारी गर्नेछ । आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि यस विवरण(पत्र मार्फत १०,३०,५०० बराबरको शेयर निष्कासन हुनेछ र सर्वसाधारणको लागि छुट्टयाइएको २९,१९,५०० बराबरको पूरै शेयर निष्कासन भएपछि कम्पनीको चुक्ता पूँजी रु. १,०३,०५,००,०००/–हुनेछ ।

(क) **शेयर पुंजी संरचा**

| **विवरण** | **अधिकृत पुंजी रकम रु** | **जारी पुंजी रकम रु** | **चुक्ता पुंजी रकम रु** | **कम्पनी रजिष्टारको कार्यलयमा अभिलेख भएको मिति** |
|---|---|---|---|---|
| कम्पनीको पुंजी संरचना | ५०,००,००,००० | ५०,००,००,००० | ७,१०,००,००० | २०७२/०९/०६ |
| कम्पनीको पुंजी संरचना | ७५,००,००,००० | ५६,००,००,००० | ५१,६१,७८,००० | २०७६/०२/२९ |
| हाल कम्पनीको पुंजी संरचना | १,०३,०५,००,००० | १,०३,०५,००,००० | ६३,५५,००,००० | २०७९/११/१२ |

## (ख) निष्काशन पछिको चुक्ता पुंजी

कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार स्थानीय तथा सर्वसाधारणहरुमा साधारण शेयर निष्कासन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| **क्र.सं.** | **शेयरधनीहरु** | **समूह** | **साधारण शेयर संख्या** | **चुक्ता रकम(रु.)** | **पूँजी संरचना** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनी | क | ६३,५५,००० | रु.६३,५५,००,०००/- | ६१.६७% | शतप्रतिशत |
| २ | सर्वसाधारण शेयरधनी ( स्थानीय) | ख | १०,३०,५०० | रु.१०,३०,५०,०००/- | १०% | बाँकी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | सर्वसाधारण शेयरधनी( सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) | ख | २९,१९,५०० | रु.२९,१९,५०,००० /- | २८.३३% | बाँकी |
| | **जम्मा** | | **१,०३,०५,०००** | **१,०३,०५,००,०००/-** | **१००%** | |

## २. बैंक ऋण र पूँजी संरचना

### (क) लागत र ऋण ( बैंकले स्वीकृत गरे बमोजिम )

| क.सं. | विवरण | रकम स्वीकृत | प्रतिसत |
|---|---|---|---|
| १ | ऋण (बैंक) | १,३५,००,००,०००/- | ६७.९९ % |
| २ | पुँजी (Equity ) संथापक | ६३,५५,००,००० /- | ३२.०१ % |
| ३ | प्रारम्भिक शेयर निश्कासन बाट प्राप्त | **३९,५०,००,०००/-** | |
| | **कुल लागत** | **२,३८,०५,००,०००/-** | **१०० %** |

### (ख) कूल ऋण ( बैक ऋण )

| क.सं. | विवरण | रकम रु स्वीकृत | प्रतिसत | आषाण मसान्त सम्म (२०८१) | प्रतिसत |
|---|---|---|---|---|---|
| १ | नेपाल इन्फाइस्टक्चर बैक लि | १,१०,००,००,०००/- | ७८.५७% | ९३,८९,१७,३७५/- | ८९ % |
| २ | एन. आई. सि. एसिया बैक लि. | ३०,००,००,०००/- | २१.४२ % | २९,४३,४०,७९७/- | ९८ % |
| | **कुल लागत** | **१,४०,००,००,०००/-** | **१०० %** | **१,२३,३२,५८,१७२ /-** | **९१ %** |

### (ग) अन्य सुविधा

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १ | Bridge Gap Loan | ४०,००,००,०००/- |
| २ | W.C. Loan | ६,००,००,०००/- |
| ३ | L/C Facility | ७५,००,००,०००/- |
| ४ | IPO Agnaist Loan (Laxmi Sunrise Bank) | ३५,००,००,००० /- |

(प्रारम्भिक शेयर निश्कासन बाट प्राप्त रु.३५करोड ऋण फिर्ता गर्ने प्रयोग गर्ने ।)

- ऋण तिर्ने अवधि १२ बर्ष व्यापारिक उत्पादन भएको मिति वाट अर्को त्रैमासिक वाट ऋण भुक्तानि सुरु हुनेछ ।

## ३. वित्तिय अवस्था

**आर्थिक बर्ष २०७९/८० र आ.व २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण निम्न अनुसार छ।**

## वासलात

| विवरण | वास्तविक (रु. ) | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| सम्पत्ति, मेशिनरी तथा उपकरण | ३५१,५३४ | २६३,६५१ | १९७,७३८ |
| पूँजीगत काममा प्रगति | - | - | २,४६४,४९४,१४३ |
| अमूर्त सम्पत्ति | १,२३०,९७५,५५५ | १,९३१,१६६,४७३ | - |
| स्थगित कर सम्पति | - | - | - |
| अन्य गैर चालु सम्पत्ति | - | - | १,२३५,६९८ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,२३१,३२७,०८९** | **१,९३१,४३०,१२४** | **२,४६५,९२७,५७९** |
| **चालु सम्पत्ति** | | | |
| नगद वा सो सरह | ५,४६४,९६२ | ४,२४३,४०६ | ८२६,४८१ |
| जिन्सी सामग्री | - | - | - |
| अन्य चालु सम्पत्ति | १०९,८२७,१०२ | ९४,३७८,१४३ | ४,१५३,००० |
| चालु वित्तीय सम्पत्ति | ३७,३६५,००० | ५,६३८,६९८ | ६७,३१०,१०७ |
| **जम्मा चालु सम्पत्ति** | **१५२,६५७,०६४** | **१०४,२६०,२४७** | **७२,२८९,५८८** |
| **जम्मा सम्पत्ति** | **१,३८३,९८४,१५३** | **२,०३५,६९०,३७१** | **२,५३८,२१७,१६७** |
| **पूँजी तथा दायित्वहरु** | | | |
| **पूँजी** | | | |
| चुक्ता पूँजी | ५१६,१८७,००० | ६३५,५००,००० | ६३५,५००,००० |
| शेयर एडभान्स | ८१,९६०,२८३ | - | - |
| जगेडा तथा कोष | १३९,६४६,५३४ | २१४,६२२,३६८ | २७२,०५२,७७२ |
| **जम्मा पूँजी** | **७३७,७९३,८१७** | **८५०,१२२,३६८** | **९०७,५५२,७७२** |
| **दायित्व** | | | |
| **गैर चालु दायित्व** | | | |
| कर्जा तथा उधारो | - | | |
| दिघकालिन ऋण तथा कर्जा | ५५०,२९१,७२२ | १,०९२,०२२,३४४ | १,२१३,९९८,१७२ |
| **जम्मा गैर चालु दायित्व** | **५५०,२९१,७२२** | **१,०९२,०२२,३४४** | **१,२१३,९९८,१७२** |
| **चालु दायित्व** | | | |
| कर्मचारी लाभ दायित्व | ३,८१८,४२५ | ८,२८७,९५९ | ८,६२०,९७६ |
| अल्पकालिन ऋण तथा कर्जा | - | ३५,०००,००० | ३१९,४६४,०७४ |
| ट्रेड र अन्य दायित्व | ९२,०८०,१८९ | ५०,२५७,६९९ | ८८,५८१,१७२ |
| कर दायित्व | - | - | - |
| **जम्मा चालु दायित्व** | **९५,८९८,६१४** | **९३,५४५,६५८** | **४१६,६६६,२२२** |
| **जम्मा दायित्व** | **६४६,१९०,३३६** | **१,१८५,५६८,००२** | **१,६३०,६६४,३९४** |
| **जम्मा पूँजी तथा दायित्वहरु** | **१,३८३,९८४,१५३** | **२,०३५,६९०,३७०** | **२,५३८,२१७,१६७** |

## नाफा नोक्सान हिसाब

| विवरण | वास्तविक (रु. ) | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| बिक्री आम्दानी | ७५,०५३,९८२ | ८१,६४८,५०७ | - |
| बिक्री आम्दानी (IFRIC 12) | | | ६२,१९०,९५५ |
| बिक्री लागत | - | - | - |
| **कूल नाफा** | **७५,०५३,९८२** | **८१,६४८,५०७** | **६२,१९०,९५५** |
| अन्य आम्दानी / (खर्च) | - | - | २४९ |
| **कूल नाफा** | **७५,०५३,९८२** | **८१,६४८,५०७** | **६२,१९१,२०४** |
| प्रशासनिक खर्च | ६८४,८९७ | २,३८०,४०७ | १,१८९,००३ |
| कर्मचारी खर्च | ९६४,८२१ | १,१२२,५०० | १,१२२,५०० |
| मूल्यह्रास र परिशोधन | १०४,२७६ | ९४,७६६ | ७२,७९६ |
| **सन्चालन नाफा** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |
| शुद्ध वित्तीय लागत | - | - | - |
| **कर्मचारी वोनश अघिको नाफा** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |
| कर्मचारी वोनश व्यवस्था | - | - | - |
| **कर अघिको नाफा** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |
| चालुवर्षको आयकर खर्च | - | - | - |
| अघिल्लो वर्षको आयकर खर्च | - | - | - |
| स्थगन कर आम्दानी | - | - | - |
| **यस वर्षको नाफा** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |

## अन्य विस्तृत आम्दानी

| विवरण | वास्तविक (रु. ) | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| नाफा/(नोक्सान) हिसाबखाता अनुसारको नाफा/(नोक्सान) | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |
| **अन्य विस्तृत आम्दानी** | - | - | - |
| **क. नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने शिर्षकहरु** | | | |
| ईक्वीटी शेयरमा गरिएको लगानीबाट भएको नाफा/(नोक्सान) उचित मूल्यमा मापन | - | - | - |
| पूर्ण मुल्याङ्कनबाट नाफा/(नोक्सान) | - | - | - |
| कर्मचारी लाभ योजनामा एक्चुरियल नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | **-** | **-** | **-** |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु नपर्ने अन्य विस्तृत आम्दानी** | **-** | **-** | **-** |
| नगद प्रवाह हेज नाफा/(नोक्सान) | - | - | - |

| | | | |
|---|---|---|---|
| विदेशी संचालनको वित्तीय सम्पत्तिबाट सटही नाफा/(नोक्सान) | - | - | - |
| माथि उल्लेखित शिर्षकहरुमा लाग्ने कर | - | - | - |
| नाफा/(नोक्सान) मा पु:न वर्गिकरण | - | - | - |
| **कुल नाफा/(नोक्सान) हिसाबखातामा उल्लेख गर्नु पर्ने अन्य विस्तृत आम्दानी** | **-** | **-** | **-** |
| **यस आ.व को कुल अन्य विस्तृत आम्दानी** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |

**नगद प्रवाह विवरण**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
| **सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| **आयकर अघिको खुद नाफा** | **७३,२९९,९८८** | **७८,०५०,८३४** | **५९,८०६,९०५** |
| **समायोजन :** | | | |
| सम्पत्तीको बिक्रीबाट घाटा | - | - | - |
| IFRIC – 12 अनुसारको नाफा/(नोक्सान) | (७५,०५३,९८२) | (८१,६४८,५०७) | (६२,१९०,९५५) |
| ह्रासकटी खर्च | १०४,२७६ | ९४,७६५ | ७२,७९६ |
| सूचीमा परिवर्तन | - | - | - |
| अन्य चालु सम्पत्तिमा परिवर्तन | (३,४४७,४८१) | ४७,१७५,२६१ | २७,३१८,०३५ |
| अन्य दायित्वमा परिवर्तन | ६१,७०६,४५४ | (२,३५२,९५६) | २३०,८०४,४३९ |
| **संचालनबाट कुल नगद प्राप्त** | **५६,६०९,२५५** | **४१,३१९,३९७** | **२५५,८११,२२०** |
| **वित्तिय गतिविधिबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा परिर्वतन | - | ११९,३१३,००० | - |
| अग्रिम कालमा परिवर्तन | ४३,९३१,२८० | (८१,९६०,२८३) | - |
| दीर्घकालीन दायित्वमा परिवर्तन | ४३०,२९१,७२२ | ५४१,७३०,६२२ | २१४,२९१,९५३ |
| शेयर जारी खर्च | - | (३,०७५,०००) | (२,३७६,५०१) |
| लाभांश भुक्तानी | - | - | - |
| **वित्तिय गतिविधिबाट खुद नगद प्रवाह** | **४७४,२२३,००२** | **५७६,००८,३३९** | **२११,९१५,४५२** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| ठोस स्थिर सम्पत्तिमा परिवर्तन | (८७,०००) | - | - |
| निर्माणाधिर्न सम्पत्तिमा कमी/(वृद्धि) | (५६८,५९०,७७०) | (६१८,५४९,२९३) | - |
| CWIP कमी/(वृद्धि) | - | - | (४७१,१४३,५९७) |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(५६८,६७७,७७०)** | **(६१८,५४९,२९३)** | **(४७१,१४३,५९७)** |
| **नगद प्रवाहमा खुद बृद्धि/(कमी)** | **(३७,८४५,५१३)** | **(१,२२१,५५७)** | **(३,४१६,९२६)** |
| **वर्षको शुरुमा भएको नगद** | **४३,३१०,४७५** | **५,४६४,९६२** | **४,२४३,४०६** |
| **वर्षको अन्तिममा भएको नगद** | **५,४६४,९६२** | **४,२४३,४०५** | **८२६,४८०** |

**कम्पनीको वित्तिय परिसुचक : (हाल वैक वाट स्वीकृत वजेट अनुसार )**

| | |
|---|---|
| आयोजनाको लागत निर्माण अवधिको ब्याज बाहेक | **रु.२०७ करोड** |
| आयोजनाको लागत निर्माण अवधिको ब्याज सहित | **रु.२३८ करोड** |

| | |
|---|---|
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि(Pay Back Period) | ९.७ बर्ष |
| आयोजनाको डिष्काउन्टमा लगानी फिर्ता हुने अवधि(Discounted Pay Back Period) | १७.७८ बर्ष |
| Internal Rate of Return of Project(IRR) | ९.९२% |
| Equity IRR | १४.०२% |
| शेयधनी संख्या | ८६३ |
| प्रति शेयर आम्दानी | रु ९.४१ |

| **Seasons** | **7.3 MW** | **2.3MW** | **9.6 MW** |
|---|---|---|---|
| Wet Energy | 32.62 | 11.59 | 44.21 |
| Dry Energy | 6.72 | 2.50 | 9.22 |
| Total | 39.34 | 14.09 | 53.44 |
| Per MW | 5.39 | **6.13** | **5.57** |

| **Revenue** | **7.3 MW** | **2.3MW** | **9.6 MW** |
|---|---|---|---|
| First Year | 21.30 | 7.67 | 28.97 |
| 9th year | 23.86 | 9.27 | 33.14 |
| Per MW- First Year | 2.92 | **3.33** | **3.02** |
| Per MW- 9th Year | 3.27 | **4.03** | **3.45** |
| Escalation | 5 years | 8 years | |

**Project Cost Amount in Crore**

| **S. N.** | **Budget** | **SLA Budget** | **Proposed For Revision** | **Variance** |
|---|---|---|---|---|
| **1** | **Preparatory works** | **2.92** | **5.70** | **(2.78)** |
| *1.1* | *General* | *0.25* | *0.25* | - |
| *1.2* | *Infrastructure and camp facilities* | *0.71* | *0.71* | - |
| *1.3* | *Access road construction and maintenance* | *1.35* | *4.13* | *(2.78)* |
| *1.4* | *Vehicle Facilities* | *0.45* | *0.45* | - |
| *1.5* | *Office and Furniture Facilities* | *0.16* | *0.16* | - |
| **2** | **Civil works** | **77.30** | **80.00** | **(2.70)** |
| **3** | **Hydromechanical works** | **58.28** | **58.78** | **(0.50)** |
| **4** | **Electromechanical works all complete** | **22.49** | **23.14** | **(0.65)** |
| **5** | **Transmission line and interconnection** | **3.86** | **4.56** | **(0.70)** |
| **6** | **Contingencies** | - | - | - |
| **7** | **Land acquisition and lease** | **9.06** | **9.70** | **(0.64)** |
| **8** | **Environment and Social cost** | **2.95** | **3.50** | **(0.55)** |
| **9** | **Sup/ Management/ Admin/ Insurance** | **11.96** | **16.12** | **(4.16)** |
| **10** | **Project Development** | **5.50** | **5.90** | **(0.40)** |
| **11** | **Interest During Construction (IDC)** | **20.68** | **30.65** | **(9.97)** |
| | **Grand Total** | **215.00** | **238.05** | **(23.05)** |
| | | - | - | - |

| | | | | |
|---|---|---|---|---|
| | Loan | *130.00* | *135.00* | *(5.00)* |
| | Equity | *85.00* | *103.05* | *(18.05)* |
| | **Total** | **215.00** | **238.05** | **(23.05)** |

## ४.आयोजना निर्माण कार्य प्रगती

कम्पनीले आयोजनाहरुको निर्माण कार्यलाई निम्नानुसार बर्गीकरण गरि कार्यान्वयन गरिएको छ ।

i) Lot I – Infrastructure Development Works

ii) Lot II– Civil Works

iii) Lot III – Hydro Mechanichal Works

iv) Lot IV – Electro Mechanical Works

v) Lot V – Transmission Line Works

(अ) चालु आ.व. को २०८१/८२ चैत्र महिनाको अन्त सम्ममा आयोजनाको कुल ९८.५० प्रतिशत कार्य सम्पन्न भएको छ । आगामी जेठ मसान्त २०८२ भित्र  यसको विवरण तपसिल अनुसार रहेको छ । कामसम्पन्न गरी आषाण १ गते देखी व्यापारीक उत्पादन शुरु गर्ने लक्ष छ ।

| **सि.न.** | **विवरण** | **कार्य प्रगति** | **प्रगति विवरण प्रतिशत** |
|---|---|---|---|
| १. | **आधारभूत निर्माण कार्य** | | |
| १.१ | प्रवेश मार्ग | पुरा भएको | १००% |
| १.२ | सिभिल संरचना | पुरा भएको | १००% |
| २. | **सिभिल कार्यहरु** | | |
| २.१ | हेड कार्यहरु | सम्पुर्ण काम अन्तिम चरणमा पुगेको | ९९.९९% |
| २.२ | पेनस्टक र पावर हाउसका कार्यहरु | पाइप जोड्ने काम भएको साथै सिभिल संरचनाका कामहरु सम्पन्न भएको | ९९% |
| २.३ | हेडरेस टनेल | – | लागु नभएको |
| ३. | **हाइड्रो मेकानिकल कार्य** | | |
| ३.१ | हेड वर्कस् | गेट इन्सुलेशन को काम सम्पन्न भएको | १००% |
| ३.२ | एडिट गेटस् | – | लागु नभएको |
| ३.३ | पावर हाउस | – | ९८% |
| ३.४ | स्टिल लाइनिङ, प्रेसर शाफट एण्ड सर्ज शाफट | सर्ज शाफट सम्पन्न भएको र सर्ज अलाइनमेन्ट मा काम भैरहेको | १००% |
| ४. | **इलेक्ट्रोमेकानिकल कार्य** | | |
| ४.१ | मेशिन तथा उपकरण उपलब्धता तथा डेलिभरी | इलेक्ट्रोमेकानिकल का सामानहरु साइटमा आइपुगेको | १००% |

| | | | |
|---|---|---|---|
| ४.२ | मेशिन तथा उपकरण जडान | केनबीम जडान भैसकेको र बाकी काम भैरहेको | ९५% |
| **५.** | **ट्रान्समिसन लाइन** | पोल जोड्ने काम सम्पन्न भएको र ४ कि.मि बाँकी रहेको | ९९% |

(समग्रमा आयोजनाको निर्माण कार्य ९८.५०% सम्पन्न भैसकेको छ ।)

## ५. उत्पादन अनुमतिपत्र (Generation Licence)

| **क्षमता** | **प्राप्त मिति** | **नम्बर** | **कायम रहने अबधि** |
|---|---|---|---|
| ७.३ मे.वा. | २०७३/१०/२३ | वि वि वि ०७३/०७४ वि उ १८३ | २०७३/१०/२३ देखि २१०९/१०/२२ |
| थप | २०७९/०३/१९ | वि वि वि ०७३/०७४ वि उ १८३ | थप १ बर्ष |
| ९.६ मे.वा. | २०७६/०३/०८ | वि वि वि ०७३/०७४ वि उ १८३ | २०७३/१०/२३ देखि २१०९/१०/२२ |
| थप | २०७९/०३/१९ | वि वि वि ०७३/०७४ वि उ १८३ | थप १ बर्ष |

आयोजनाको जम्मा अवधी २१०९ सम्म रहने छ ।

## ६. पी.पी.ए. सम्बन्धमा (Power Purchase Agreement)

पी.पी.ए.मिति ७.३ मे.वा. : वि.स. २०७३/१०/०९ गते
९.६ मे.वा. : वि.स.२०७५/०६/१६ गते

**७. लेखा परीक्षण सम्बन्धमा :**

आर्थीक वर्ष २०७९/०८० देखि २०८०/०८१ सम्म सम्पन्न भइ पेश गर्न पर्ने निकायहरुमा पेश गरिसकिएको छ ।

**८. कर सम्बन्धमा**

कम्पनीले आर्थीक वर्ष २०८०/०८१ सम्म कर कार्यालयमा विवरण पेश गरी करचुक्ता लिइसकेको छ ।

**९. जग्गा सम्बन्धमा**

क) बैकमा रोक्काभएको जग्गाको विवरण

| **क.सं.** | **बैकंको नाम** | **जग्गा रोपनि** |
|---|---|---|

| | | |
|---|---|---|
| **१** | नेपाल इन्फ्राइस्टक्चर बैक लि. र एन आई सि एसिया बैक लि. | ११०-१-१-३ |
| | **जम्मा** | ११०-१-१-३ |

## १०. सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

यस कम्पनीको सञ्चालक समितिको संख्या कम्पनीको स्वीकृत नियमावलीको नियम २७ को व्यवस्था बमोजिम ११ (एघार) जनाको सञ्चालक समिती रहेको छ । जसमा एक महिला र दुई जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था गरिएको छ । स्वतन्त्र संचालकको सम्वन्धमा नियमावलिमा व्यवस्था भए अनुसार हुनेछ । सञ्चालक समितिमा संस्थापक समूहको प्रतिनिधित्व गर्ने सञ्चालकको कार्यकाल हालको वर्षमा समाप्त हुँने हुँदा प्रस्तुत वार्षिक साधारण सभाको दोस्रो सत्रमा हुने निर्वाचन कार्यक्रमबाट आगामि २ वर्ष कार्यकालका लागि संस्थापक समूहबाट १ जना महिला सहित ६ जना सञ्चालकको निर्वाचन गरि सञ्चालक समितिको गठन गरिनेछ ।

### (क) कारोबारलाई असर गर्ने मुख्य कुराहरु

अ. देशको आर्थिक एवं राजनितिक वातावरणले पनि कम्पनीको व्यवसायलाई असर पुऱ्याइरहेको हुन्छ । त्यस्तै नेपालमा भर्खरै संघियतामा गएकोले स्थानिय एवं प्रादेशिक रुपमा हुने कानुनको तर्जुमा एवं त्यसको कार्यान्वयनका कारण पनि जलविद्युत आयोजना सञ्चालन एवं निर्माणमा असर पुऱ्याइरहेको हुन्छ ।

आ. भुकम्प, बाढी, पहिरा, विश्वव्यापी फैलिएको महामारी रोग कोभिड जस्ता प्राकृतिक प्रकोपहरुले, बैकको व्याज दर, विदेशी मुद्राको मुल्य वृद्धि आदि जस्ता कारणहरुबाट जलविद्युत आयोजनाका कार्यहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा असर पुऱ्याई रहेको हुन्छ ।

इ. जलस्रोतको मुहान, जलवायुमा परिवर्तनका कारण पानीको स्रोतमा कमी हुँदा विद्युत उत्पादनमा कमी आउने, प्राकृतिक प्रकोपका कारण आयोजनाको संरचना तथा उपकरणहरुमा क्षेति पर्न गएमा खर्चहरु बढ्ने, विद्युत केन्द्रका मेसिन तथा उपकरणहरु खराब भई विद्युत उत्पादन र आपूर्तिमा समस्या हुने, प्रसारण लाईनको खराबीका कारण विद्युत आपूर्तिमा समस्या हुने जस्ता घटनाहरुले कम्पनीको आम्दानिमा कमी ल्याउन सक्ने छ ।

११. लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया लेखापरिक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका सामान्य प्रकृतिका कैफियत, प्रतिक्रिया सुझावहरु माथि सञ्चालक समितिको ध्यानकर्षण हुनुका साथै सोको सुधारका निम्ति आवश्यक प्रक्रिया चालिएको छ ।

१२. आम्दानी र लाभांश बाँडफाँड गर्न कम्पनीले हाल आफ्नो आम्दानीको शूरुवात गरि सकेको अवस्था छैन ।

१३. शेयर जफत भएको भए जफत भएको सङ्ख्या, त्यस्तो शेयरको अङ्कित मुल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यास्तो शेयर जफत भए पछि सो शेयर क्रिी गरि बम्नीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण : यस दफा अनुसार समिक्षा अवधि सम्म कुनै शेयर जफतको काम कारवाही भएको छैन ।

१४. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन यस कम्पनीको कुनै पनि सहायक कम्पनीसंग कारोवार गरेको छैन ।

१५. कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपुर्ण परिवर्तन : यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन । कम्पनीको प्राथमिक सार्वाजनिक निश्काशन गरी दोस्रो बजारमा शेयर कारोवार गर्ने उश्द्ेयले नेपाल धितोपत्र बोर्डमा निवेदन दर्ता भई वसेको अवस्थामा यस कम्पनीले सो आ.व. को अवधीमा कुनै पनि शेयर खरि बिक्रिको कारोबार नरहेको कुरा यहाँहरुलाई अवत नै छ ।

१६. विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई कुनै जानकारीहरु उपलब्ध गराएका छैनन् ।

१७. आ.व. २०८०।०८१ को अन्त्यसम्म यस कम्पनीका सञ्चालकहरुको शेयर स्वामित्व निम्न अनूसार रहेको छ र निजहरु कम्पनीको शेयर कारोबारमा संलग्न रहेको पाइएको छैन ।

| क्र.स. | नाम | पद | शेयर कित्ता थान |
|---|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | अध्यक्ष | १,००,००० |
| २. | श्री माधव प्रसाद खरेल | सञ्चालक | २,४५,००० |
| ३. | श्री राम प्रसाद कडेंल | सञ्चालक | २,२८,००० |
| ४. | श्री हरी प्रसाद सापकोटा | सञ्चालक | २,१५,००० |
| ५. | श्री नर बहादुर घर्ती | सञ्चालक | ९९,४४० |
| ६. | श्री शालिकराम सापकोटा | सञ्चालक | २०,००० |
| ७. | श्री इन्द्रमणि सापकोटा | सञ्चालक | ४,०५,००० |
| ८. | श्री टीकाराम खरेल | सञ्चालक | १,२५,००० |
| ९. | श्रीमती गायत्री सापकोटा | सञ्चालक | १,००० |
| १०. | श्री भवदत्त सुवेदी | सञ्चालक | १००,००० |
| ११. | श्री रुपकलाल श्रेष्ठ | सञ्चालक | १,११,००० |

**१८. विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :** विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारहरुको कुनै पनि व्यक्तिगत स्वार्थ छैन ।

**१९. कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नको कारण, त्यस्तो शेयरको सङ्ख्या र अङ्कित मुल्य तथा त्यसरी शेयर खरिद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :** कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको छैन ।

**२०. आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको वा भएको भए सोको विस्तृत विवरण :**

कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली सबल र प्रभावकारी बनाउनका लागि सञ्चालक समितिले आवश्यक निति तथा नियमहरु तर्जुमा गरि लागु गर्दै आएको छ । कम्पनीको आर्थिक प्रशासन एवं कम्पनीको लेखा प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउनको लागि आवश्यक विनियमावलीहरु निर्माणको प्रकृयामा रहेका छन् । सञ्चालक समितिको निर्णय बमोजिम आवश्यक निर्देशन प्राप्त गरि त्यसको कार्यान्वयन गर्ने गरिएको छ ।

**२१. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आर्थिक आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ मा कुल व्यवस्थापन खर्च यसको विवरण वितीय विवरणको नाफा नोक्सान हिसाबमा उल्ललेख गरिको छ ।

२२. **शेयरधनीले बुझ्नि लिन बाँकी रहेको लाभांशको रकम :**

कम्पनीले यस अघि लाभांश वितरण नगरेको हुँदा कम्पनीले कुनै पनि लाभांशको रकम वितरण गर्न वा शेयरधनीले वुझ्नि लिन बाँकी रहेको छैन ।

२३. **दफा १४१ बमोजिम सम्पत्ति खरिद विक्रि गरेको कुराको विवरण :**
आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को लेखापरिक्षण प्रतिवेदन अनुसार कम्पनीले खरिद गरेका खर्च भएर नजाने पूँजीगत सामानहरुको विवरण वार्षिक आर्थिक विवरणमा उल्लेख गरिएको छ ।
२४. **दफा १७५ बमोजिम सम्वन्ध कम्पनी बिच भएको कारोवारको विवरण :** त्यस्तो कुनै पनि कम्पनीसँग कारोवार भएको छैन ।
२५. **यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा :** यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितीको प्रतिवेदनमा आवश्यकत्ता अनुसार विवरणहरुलाई सकेसम्म थप श्पष्ट पार्दै लगिनेछ ।
**२६. भावी नीति तथा कार्यक्रम**

(क) आयोजनाको आगामी २ महिनामा सम्पन्न गर्ने लक्ष्यका साथ काम गरिरहेको छ । र आषाणको शुरुवाट व्यापारीक उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

**२७. संस्थागत सामाजिक उत्तरदायित्व :**
हामीलाई सर्बेक्षण तथा जेनेरेसन लाइसेन्स उपलब्ध गराउने विद्युत विकास विभाग तथा उर्जा मन्त्रालय, विद्युत नियमन आयोग, विद्युत खरिदको व्यवस्था गरिदिने नेपाल विद्युत प्राधिकरण, आवश्यक सहयोग पुऱ्याउनु भएका भूमी सुधार मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग विभाग लगायत सबै सम्बन्धित सरकारी निकायहरु हाम्रो आयोजनालाई ऋण उपलब्ध गराउने बैंकहरु - श्री नेपाल इन्फ्राइस्टक्चर बैक लि., एन. आई. सि. एसिया बैक लि., लक्ष्मी सन्राइज् बैक लि., लक्ष्मी सन्राइज क्यापीटल लि., सिटिजन् क्यापीटल लि., एस बि आई र्मचेन्ट क्यापीटल लि. लगायतका सबै निकायहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई पनि म हार्दिक धन्यवाद दिन चाहन्छु ।

हाम्रो नेतृत्वलाई विश्वास गरेर यस कम्पनीमा लगानी गर्नुहुने सम्पूर्ण संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । साथै आयोजना निर्माण कार्यमा सँगै रहनु भएका Design Consultant – Units Engineering Consultant Pvt. Ltd., Technical verification Consultant – Technoquarry Consults Pvt. Ltd. तथा Financial Verification Consultant- TN Acharya and Company लाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु । कम्पनीमा सिभिल कार्यको जिम्मा लिनुभएका रामेछाप सेर्पा कस्टक्सन प्रा.लि., हाइड्रो मेकानिकल कार्यको जिम्मा लिनुभएका क्रिम हाइड्रल प्रा.लि., हाइड्रो मेकानिकल अर्न्तगत पाईप सप्लाईमा जिम्मा लिनुभएका Jco Gas Pipe Ltd. , इलेक्ट्रो मेकानिकल कार्यको जिम्मा लिनुभएका Flovel Energy Pvt. Ltd साथै संरचना निर्माणमा सहयोग पुऱ्याउनु हुने स्थानिय वासिन्दा, राजनैतिक दल, आयोजना स्थलका जग्गादाताहरु, यस कम्पनीको काममा अहोरात्र मिहेनत गर्नुहुने सम्पुर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

नर बहादुर पुन (निरज)
अध्यक्ष





















# समाप्त